टेलिफोनः
०६१४६७७११

प्रदेश सरकार
आन्तरिक मांमिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश

# विज्ञप्ति

मिति २०७५ साल साउन १ गते रातिको अविरल बर्षाका कारण पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं ८ को लस्ती बेर्नेटा वस्ने बम ब. परियारको घर पहिरोले पुरिदा निजको छोरा वर्ष १७ को विकास परियारको मृत्यू भएको र ऐ. बाँसकोट निवासी नारायणी आचार्य समेत जना ३ घाइते भई धौलागिरी अञ्चल अस्पताल बाग्लुङमा उपचाररत रहेको । मृतकको वावुलाई तत्काल राहत स्वरुप रु १ लाख उपलव्ध गराइएको । उक्त स्थानमा १५, १६ घर पहिरोको जोखिममा रहेको र जिल्ला विपद् व्यवस्थापन समितिले विस्थापित परिवारलाई राहत सामाग्री वितरण गर्ने कार्य भइरहेको ।

त्यसैगरी, गोरखा जिल्लाको सहित लखनथापा गाउँपालिका वडा नं ६ अँधेरीमा पहिरोले बल ब. कुँवरको घर पुरिदा निजको छोरी प्रविना कुँवर, सन्तोष कुँवर, श्रीमति सरु कुँवर र आठ महिनाको छोरा युनिक कुँवर समेत जना ३ को ज्यान गएको । उक्त स्थानका धेरै घरहरु जोखिममा रहेका । घाइते १ जनालाई उपचार गर्न काठमाण्डौ पठाइएको । ऐ वडा नं ७ मा १ जना पदम कुमारी रानाको खुट्टा भाँचिएको र वडा नं ६ मा पहिरो का कारण सडक अवरुद्ध हुन पुगेको । गोरखा नगरपालिका वडा नं ९ मा बाढीले खेत बगाई क्षति पुऱ्याएको र धार्चे गा.पा वडा नं ७ मा पनि पहिरोका कारण १३ घर जोखिममा रहेका र सोही गा.पाको गुम्दा र लापु माझगाउँमा पनि पहिरोका कारण घरहरु जोखिममा रहेका । उल्लेखित घटनाहरुको खोज उद्धार र राहतमा जिल्ला विपद् व्यवस्थापन समितिको सक्रियतामा नेपाल प्रहरी नेपाली सेना र शसस्त्र प्रहरी वल सहित स्थानीय जनप्रतिनिधी, नेपाल रेडक्रस सोसाइटी लगायत तदारुकताका साथ परिचालन भइरहेको र विपदका घटनामा सजगता पूर्वक खोज उद्धार र राहतमा जुटन सबै जिल्ला विपद् व्यवस्थापन समिति र प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन भएको व्यहोरा जानकारीका लागि यस विज्ञप्ति प्रकाशित गरिएको छ ।

२०७५/०४/०२
(प्रवक्ता)